# श्री कुमारी बैंक लिमिटेडको
# चौधौं वार्षिक साधारण सभाको
# निर्णय विवरण

श्री कुमारी बैंक लिमिटेडको चौधौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री नूर प्रताप ज.ब.राणाज्यूको अध्यक्षतामा देहाय बमोजिम गरि सम्पन्न भयो ।

## १) सभाको मिति, स्थान र समय

मिति : २०७१ साल कार्तिक महिना २६ गते बुधवार (तदनुसार १२ नोभेम्वर २०१४)
स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादि, काठमाडौं ।
समय : विहान ११:०० बजे ।

## २) सभाको सूचना प्रकाशन

(क) यस बैंकको मिति २०७१ साल आश्विन महिना २६ गते बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम बैंकको चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०७१ आश्विन २९ गते र २०७१ कार्तिक १६ गते क्रमशः नागरिक राष्ट्रिय दैनिक र कारोवार राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, बैंकको वित्तीय विवरणहरु, सम्बन्धित शेयरधनीहरुको ठेगानामा चौधौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना साथ सम्लग्न गरी पठाईएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा एक्काईस दिन अगावै तयार गरी बैंकको रजिष्टर्ड कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(घ) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्टारको कार्यालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्स्चेन्ज लिमिटेडलाई अनुरोध गरी पत्राचार गरिएको ।

(ङ) साधारण सभामा आमन्त्रित भई दिनका लागि वाह्य लेखापरीक्षक श्री बकर टिल्ली देव एशोसियट्सलाई अनुरोध गरिएको ।

## ३) सभामा प्रस्तुत छलफलका विषयहरु :

### क. सामान्य प्रस्ताव

१. चौधौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७०/७१ वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७१ को वासलात, आ.व. २०७०/७१ को नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।
३. आ.व.२०७१/७२ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने (वर्तमान लेखापरीक्षक श्री देव एशोसियट्स पुनः नियुक्ती हुन सक्नु हुनेछ) ।
४. सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम रु.३,१७,५५,२४०/– (चुक्ता पुँजीको १.७४ प्रतिशत) नगद लाभाँश (बोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ) स्वीकृत गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको ३३ (तेत्तिस) प्रतिशत बोनश शेयर स्वीकृत गर्ने तथा सोको लागि प्रबन्धपत्रको दफा ५ (क), (ख) र (ग) शंसोधन गरी बैंकको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी बृद्धि गर्ने ।

२. बैंकको नियमावलीको नियम २९ (ख) र (ग) मा रहेको सञ्चालकहरुको सुविधा वृद्धि गर्ने ।

३. कुमारी बैंक लि. र अन्य कुनै उपयुक्त बैंक, वित्तीय संस्थाको खोजि गरी एक आपसमा गाभ्न, गाभिन (मर्ज गर्न), प्राप्ति गर्ने वा लक्षित संस्थालाई समाहित गर्न सञ्चालक समिति वा सो समिति अन्तर्गत मर्जर समिति गठन गरी सम्पूर्ण प्रकृया अवलम्वन गरी कार्य अगाडी बढाउन साधारण सभावाट सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

४. प्रस्ताव नं.३ मा उल्लिखित प्रयोजनको लागि कुमारी बैंक लि. र आवश्यकतानुसार लक्षित संस्थाको चल–अचल सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन (Due Diligence Audit, DDA) गर्न मान्यता प्राप्त (स्वदेशी वा विदेशी) मूल्याङ्कनकर्ता नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

५. प्रस्तावित प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नियमनकारी निकाय (ने.रा.बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय आदि) बाट फेरबदल गर्न सुझाव भएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने ।

**ग. विविध ।**

४) **सभामा उपस्थिति :**

**(क) सञ्चालकहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १) | श्री नूर प्रताप ज.ब.राणा | अध्यक्ष – उपस्थित |
| २) | श्री सन्तोष कुमार लामा | सञ्चालक – उपस्थित |
| ३) | प्रा.डा. राजन बहादुर पौडेल | सञ्चालक – उपस्थित |
| ४) | डा. शोभा कान्त ढकाल | सञ्चालक – उपस्थित |
| ५) | श्री उत्तम प्रसाद भट्टराई | सञ्चालक – उपस्थित |
| ६) | श्री नरेश दुगड | सञ्चालक – उपस्थित |
| ७) | श्री पुना राम भण्डारी | सञ्चालक – उपस्थित |
| ८) | श्री रसेन्द्र वहादुर मल्ल | सञ्चालक – उपस्थित |

**(ख) पर्यवेक्षक तथा आमन्त्रितको उपस्थिति :**

१) पर्यवेक्षक, सहायक रजिष्ट्रार श्री खेम राज खत्री - श्री कम्पनी रजिष्ट्रारको कार्यालय

२) पर्यवेक्षक, अधिकृत श्री सुरज प्रधानाङ्ग – श्री नेपाल धितोपत्र बोर्ड

३) आमन्त्रित वाह्य लेखापरीक्षक बकर टिल्ली देव एशोसियट्सका प्रतिनिधि श्री रजनिश दाहाल

**(ग) बैंक पदाधिकारीहरुको उपस्थिति** :

| | | |
|---|---|---|
| १) | श्री उदयकृष्ण उपाध्याय | - प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री राजिव गिरी | – नायव प्रमुख कार्यकारी अधिकृत |
| ३) | श्री गेहनाथ ढुंगाना | - नायव महाप्रबन्धक |
| ४) | श्री सुरेश कुमार कर्ण | - बरिष्ठ प्रबन्धक |
| ५) | श्री निर्मल कुमार खतिवडा | - प्रमुख-वित्त तथा ट्रेजरी |
| ६) | श्री कुमार उप्रेती | - अध्यक्ष - कुमारी बैंक लिमिटेड कर्मचारी संघ |
| ७) | श्री नरेन्द्र प्रसाद छत्कुली | - कम्पनी सचिव/प्रमुख-कानून तथा अनुपालन |

**(घ) शेयरधनीहरुको उपस्थिति :**

१) संस्थापक समूहको स्वयम् उपस्थित १५ जना र प्रोक्सी दिने ४८ जना शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या ६८,८३,४१४

२) सर्वसाधारण शेयरधनीहरुवाट स्वयम् उपस्थित ५९६ जना र प्रोक्सी दिने ७५ जना शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या २६,४६,७५४

३) कुल उपस्थिति शेयर संख्या ७३४

४) शेयरको कुल उपस्थिति प्रतिशत ५७.३३

**५) सभाको गणपूरक संख्या :**

| विवरण | जम्मा शेयर | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत | शेयरधनीको उपस्थिति संख्या | शेयरको कूल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| बांडफांड भएको कुलशेयर संख्या १,८२,८३,३२० | ९५,३०,१६८ | ६११ | १२३ | ७३४ | ५२.१२ |

**६) सभाको वैधानिकता :**

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ५ बमोजिम बॉडफॉड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार विहान ११:१५ बजेसम्म कूल शेयर संख्या (१,८२,८३,३२०) को ९२,९७,१२३ शेयर अर्थात ५०.८५ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदासम्मको हाजिरी अभिलेख अनुसार माथि तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

**७) सभाको अध्यक्षता :**

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री नूर प्रताप ज.ब.राणज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भएबमोजिम वहांले अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित, बैंकका पदाधिकारीहरु सबैलाई आ–आफ्नो स्थानवाट आसन ग्रहण गरि दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहांहरुले समेत आसन ग्रहण गर्नुभयो ।

**८) सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुती :**

अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै साधारण सभाको कार्यक्रम अघि बढाउने क्रममा सञ्चालक समितिको चौधौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण समेतको विवरण पुस्तिका शेयरधनीहरुले अध्ययन गरी सक्नु भएको होला भन्ने विश्वासका साथ बैंकको आ.व. २०७०।७१ को संक्षिप्त वित्तीय झलक लगायत चालु आ.व.को लक्ष्य, प्रथम त्रैमासिक अर्थात आश्विन मसान्त सम्मको संक्षिप्त वित्तीय विवरणहरु सहित बैंकको अन्य गतिविधिको बारेमा सभालाई छोटकरीमा जानकारी गराउनु भयो ।

**९) चौधौं वार्षिक प्रतिवेदन तथा नाफा नोक्सान हिसाबको प्रस्तुती :**

सभाका अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट बैंकको चौधौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७०/७१ को वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसूचिहरु तथा सभामा प्रेषित अन्य प्रस्तावहरु सभामा छलफलका लागि प्रस्तुत गर्नुभयो ।

**१०) छलफलका लागि आव्हान :**

साधारण सभामा शेयरधनीहरुले निर्धारीत विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको चौधौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०६९/७० को वासलात, नाफा–नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनुसूचिहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलको लागि आ–आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो ।

**११) छलफलमा सहभागी हुने शेयरधनीहरुः**

१. श्री अमृतनाथ रेग्मी
२. श्री ब्यास कुमार शर्मा
३. डा. सुन्दरलाल श्रेष्ठ
४. श्री अशोक उप्रती
५. श्री उद्धव प्रसाद घिमिरे
६. डा. माधव कुमार श्रेष्ठ
७. श्री कमल बिक्रम सिंह
८. श्री जयन्द मान सिंह बानिया
९. श्री नारायण सुन्दर श्रेष्ठ

**१२) छलफलमा सहभागी शेयरधनीहरुबाट व्यक्त धारणा, जिज्ञासा, तथा सुझावः**

छलफलमा सहभागी हुनुभएका शेयरधनीहरुबाट व्यक्त विचार, धारणा, जिज्ञासा तथा सुझावहरुलाई सारांशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ :–

**क) श्री अमृत नाथ रेग्मीः** उपस्थित सवैलाई सम्वोधन गर्दै बैंक स्थापना भएको १४ वर्ष भई सकेकोले हालको चुक्ता पुँजीलाई दोब्बर हुने गरी अगाडी बढ्नु पर्ने धारणा राख्दै सो को लागि आफुसँग मिल्ने खालको बैंकसँग मर्ज गर्ने वा एक्विजिशनमा जाने वा फर्दर पब्लिक ईस्युमा गएर पुँजी बृद्धि गर्न सुझाव गर्नु भयो । आफै पुँजी बृद्धि गरेर कम्तिमा ५० देखि १०० करोडको खुद नाफाको लक्ष्यसाथ अगाडी बढ्नु पर्ने र सो को लागि लगानी बढाउने, खुद ब्याज आम्दानी बढाउने, ब्याज खर्च घटाउने, कष्ट अफ फण्ड र बेस रेट घटाउने र प्रति शेयर आम्दानी बढाउनु पर्ने सुझाव दिनु भयो । साथै केही न केही ईनोभेटिव प्रडक्ट्स ल्याउनु पर्ने जस्तैः कुमारी क्यापिटल, कुमारी म्युचियल फण्ड आदि । त्यस्तै ईक्विटी लेन्डिङ्ग, ईन्फ्रास्ट्रक्चर लेन्डिङ्ग, प्रोजेक्ट फाईनान्स जस्ता कुराहरुमा जोड दिन सुझाव गर्नु भयो । अन्तमा जसरी पनि पुँजी बृद्धि नै बैंकको प्रगतिको आधार भएको व्यहोरा दोहोऱ्याउदै फर्दर पब्लिक ईस्युमा गएमा बैंकको पुँजी बृद्धि हुने, प्रिमियमलाई रिजर्भ फण्डमा राख्न सकिने र बैंक एक्लै आफ्नो नाम सहित अगाडी बढ्न सक्ने भएकोले त्यसतर्फ जोड दिन सुझाव गर्नु भयो ।

**ख) ब्यास कुमार शर्मा :** बैंकको वित्तीय विवरणलाई हेर्दा सन्तुलित रहेको उदाहरण दिदै चुक्ता पुँजी रिजर्भबाट भए पनि बढेको छ, कर्जा लगानी २५ अर्व ठिकै छ, वासलात ३ अर्वले बढेको स्वभाविक छ, अन्य आम्दानी बढेको छ, कर्जा लगानी portfolio management को शुरुआत राम्रो छ, कर्मचारी खर्च ३ अर्वको बृद्धि स्वभाविक रहेको र ब्याज आम्दानी घटे पनि संचालन खर्चको कमिले त्यसलाई पुर्ति गरेको तर निक्षेपको स्टक्चर र लगानीमा सुधार गर्नु पर्ने धारणा व्यक्त गर्नु भयो । आगामी दिन चुनौतिपूर्ण

रहेको धारणा राख्दै यात मर्जर वा एक्विजिशनमा जान वा बैंकको Groth मा फड्को मार्न सुजाव दिनु भयो । लगानीको पोर्टफोलियो मिलाउन स्टकमा ट्रेडिङ्ग गर्न, cash management गर्न, cash flow राम्रो छ तर fund management गर्न नसकेको जस्तो अनुभुति भयो, Net Interest Income हेर्दा कम लागतको पुँजीको खोजि गरिनु पर्ने सुझाव गर्नु भयो । अन्तमा १५ वर्ष प्रवेश गरीसकेको बैंकले आगामी वर्ष राम्रो प्रतिफल दिनु पर्ने धारणा व्यक्त गर्नु भयो ।

ग) **डा.सुन्दरलाल श्रेष्ठः** यस बैंकको संस्थापक र सर्वसाधारण शेयरको अनुपात बमोजिम सञ्चालक समितिमा समान प्रतिनिधित्वको व्यवस्था गर्न र सञ्चालक समितिको संख्या ८ बाट ७ कायम गर्न सुझाव गर्नु भयो । आम्दानीको प्रतिशत भन्दा बढी प्रतिफल दिएकोमा धन्यवाद तर आगामी वर्ष नघटाउन, लगानी घटेकोले बढाउन, खुद ब्याज आम्दानी घटेको छ बढाउन, Non-fund business राम्रो छ, सटही सुविधामा आम्दानी राम्रो छ, निक्षेप तर्फ बचत र मुद्दतीको अनुपात मिलाउन र सकेसम्म बचत निक्षेप बृद्धि गर्न, भुक्तानी दिन बांकी लाभांश घटाउन, शेयर लगानीमा जोड दिन, कर्जा नोक्सान व्यवस्था बढेकोमा चिन्ता व्यक्त गर्दै त्यसलाई घटाउन र गैर बैकिंग सम्पत्ति छिटो बिक्री गर्न सुझाव दिंदै मितव्ययिता तर्फ बढी ध्यान दिन समेत सुझाव गर्नु भयो । अन्तमा बैंकको जग्गा कुन ठाँउमा हो त्यो स्पष्ट पार्न, ऋणी कोहीनुरहिल प्रा.लि.को धितोमा बैंकको रोक्का यथावत कायम रहे नरहेको एकिन गर्न मालपोत कार्यालयमा बुझ्न सल्लाह दिंदै आगामी वर्ष कति प्रतिफल दिन सकिने हो स्पष्ट गर्न अनुरोध गर्नु भयो ।

घ) **अशोक उप्रेति :** समयमै वासलात पठाईदिएकोमा धन्यवाद, बैंक विरुद्धको मुद्दा धेरै भएकोमा बैंकको ख्यातिमा धक्का लाग्ने हुँदा कर्जा दिंदा नै विशेष ध्यान सुझाव दिंदै कुन मुद्दामा के कस्तो फैसला भएको छ त्यो जानकारी दिन अनुरोध गर्नु भयो । नेपाल राष्ट्र बैंकले बैंकहरुलाई अनावश्यक धेरै दवाव दिनु राम्रो नभएकोले सवै शेयरधनीहरु मिलेर राष्ट्र बैंकमा जानु पर्ने अवस्था आएको धारणा राख्नु भयो । शेयरधनीहरुको छोरा छोरीहरुलाई बैंकमा रोजगारी दिन प्राथमिकता दिईयोस भनि सुझाव व्यक्त गर्नु भयो । अन्तमा मर्जर गर्दा धेरै बिचार गरेर राम्रो कम्पनीसँग मर्ज गर्न समेत सुझाव दिनु भयो ।

ङ) **उद्धव प्रसाद घिमिरे :** बैंकले राम्रो प्रतिफल दिएकोमा स्वागत योग्य छ । १४ वर्ष पुरा गरि सकेको बैंकको प्रगति सन्तोषजनक भएन, समितिको भत्ता बृद्धि प्रस्तावमा केही कम गर्न सुझाव, मर्जरमा जान ढिला गर्न नहुने भन्दै आफ्नो नाम यथावत रहने गरी मर्जर हुन नसक्ने भएमा प्राप्ति तर्फ जोड दिन सुझाव गर्नु भयो । शेयरधनीको छोरा छोरीलाई छात्रबृत्ति र कर्मचारी भर्नामा प्राथमिकता दिन सुझाव गर्नु भयो । विदेशी मुद्रा आम्दानीमा सुधार गर्न, गुणस्तरयुक्त सम्पत्तिमा ध्यान दिन, कर्जा उठतीमा जोड दिन, डिबेन्चर जारी गर्न, चुक्ता पुँजी बृद्धि गर्न, दुर्गम क्षेत्रमा सेवा विस्तार गर्न, कृषि, माछा, पशुपालन तथा फलफुल खेतीमा लगानी बढाउन, नयाँनयाँ परियोजनामा कर्जा विस्तार गर्न र वासलातको आकार बढाउनमा सुझाव गर्नुभयो । अन्तमा यस बैंकको उन्नतीको लागि शुभ–कामना व्यक्त गर्नुभयो ।

च) **डा. माधव कुमार श्रेष्ठ :** कम्पनी ऐन बमोजिम समयमै साधारण सभा गरेकोमा, आकर्षक लाभाँश दिएकोमा र ३ वर्षको तुलाना गर्दा समीक्षा आ.व.मा राम्रो गरेकोमा धन्यवाद दिनु भयो । बैंकलाई राम्रो गर्नमा ५ वटा कुरामा ध्यान सुझाव गर्दै १) Cycle proof regulator नियमन निकाय नेपाल राष्ट्र बैंक best of the best vigilant हुनु पर्दछ । २) राजनीतिक तथा आर्थिक पक्षमा ध्यान दिनु पर्दछ । ३) Successful Director त्यसमा पनि Independent Director को Role बढी हुन्छ । ४) Successful CEO हुनु पर्दछ र ५) Vigilent Shareholders हुनु पर्दछ । बैंकलाई प्रगति गर्नको लागि माथि उल्लिखित सवैको भुमिका महत्वपूर्ण हुने भएकोले आफुले सवै बैंक तथा वित्तीय संस्थामा उक्त मन्त्रमा जोड दिन सुझाव गरेको व्यहोरा व्यक्त गर्नु भयो । साथै आफु जस्तो Vigilent Shareholder को मूल्यांकन नभएकोमा गुनासो ब्यक्त गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

छ) **कमल बिक्रम सिंह :** बैंकले विशेष प्रस्तावमा मर्जरको समेत प्रस्ताव पेश गरेको अवस्था रहेको छ । यस अघि पनि मर्जरको लागि अधिकार दिएकोमा के प्रगति भयो जानकारी दिन, मर्जर समिति गठन भएको कुरा सुन्नमा आयो उक्त समितिले के काम गऱ्यो, कुन कुन बैंक, वित्तीय संस्थाहरुसँग के कुरा भयो उक्त कुरा अध्यक्षज्यूको प्रतिवेदनमा र अहिलेको सम्वोधनमा समेत आएन साथै मर्जर समितिको कतिवटा बैठक बस्यो त्यसको जानकारी दिन अनुरोध गर्नु भयो । नेपाल राष्ट्र बैंकले ५ अर्व चुक्ता पुँजी पुऱ्याउनको लागि दवाव दिई रहेको परिप्रेक्ष्यमा २/३ वर्ष भित्र आफै ५ अर्व पुऱ्याउन सम्भव नभएकोले सोको लागि पनि मर्जरमा जान उपयुक्त नै हुने राय पेश गर्नु भयो । तर मर्जरको अख्तियारी पाएपछि अव हुने मर्जर समितिमा कुनै सञ्चालकको संयोजकत्वमा प्रमुख कार्यकारी अधिकृत, संस्थापक र सर्वसाधारण शेयरधनीहरुको समेत प्रतिनिधित्व हुने गरी अनुभवि व्यक्तिलाई समावेश गरी बढीमा ३ देखि ५ जना सम्मको मर्जर समिति बनाईयोस र उक्त समितिले केही महिना भित्रै परीणाम आउने गरी काम शुरु गरोस भनि सुझाव गर्नु भयो ।

ज) **जयन्द्रमान सिंह बाँनिया :**गत सालको भन्दा राम्रो लाभाँश ३३ प्रतिशत बोनश शेयर दिएकोमा धन्यवाद दिनु भयो । Earning Ratio, Earning Per Share घटेको छ, आगामी वर्ष कमाउने आधार भनेको ब्याज आय हो सो घट्न सक्ने सम्भावनालाई मध्यनजर राखी राम्रो पुँजी व्यवस्थापन गर्न सुझाव गर्नु भयो । सञ्चालककको सुविधा बढाउन उपयुक्त छैन, कार्तिक महिना भई सक्दापनि वासलातमा भाद्र मसान्त सम्मको मात्र आम्दानी देखाइएको छ आश्विन सम्मको आउनु पर्ने थियो तथापि भाद्रसम्मको आम्दानी हेर्दा आगामी वर्ष लाभाँश घट्न सक्ने देखिन्छ भनि आशंका व्यक्त गर्नु भयो ।

झ) **नारायण सुन्दर श्रेष्ठः** प्रस्तुत वासलातलाई हेर्दा बैंकको गति ढिलो एवं सुस्त प्रतिविम्वित हुन्छ । लाभांशको आधार हेर्दा १७ प्रतिशत भन्दा बढी दिन सक्ने अवस्था छैन, आम्दानी सन्तोषजनक छैन, ३ महले संशोधनको प्रस्ताव उपयुक्त छैन सञ्चालकको सुविधा प्रस्ताव भन्दा केही कम गर्नु पर्ने धारणा व्यक्त गर्दै शेयरधनीलाई पनि साधारण सभामा भाग लिन आउंदा यातायात खर्च दिन कानुनले नरोकेको हुँदा दिन सुझाव व्यक्त गर्नु भयो । त्यसैगरी वासलातको ४४ पेजमा कर्मचारी खर्च बढेको छ, कर्मचारी संख्या घटेको छ तर पोशाक खर्च ४ लाखबाट २५ लाख पुगेको छ, औषधि उपचार खर्च बढेको बीमा गरेको भए उक्त खर्च घट्ने थियो र मितव्ययिता हुने थियो भनि सुझाव व्यक्त गर्नु भयो । आम्दानीको स्रोत पुगेन, रु.३४ करोड कमाउन ५१/५२ करोड खर्च वास्तविक हुन सकेन, बैंकले आम्दानी बढाउन सकेको अवस्थामा ढुकुटीबाट झिकेर लाभांश वितरण गर्नु पर्ने अवस्था आउंदैन । राम्रो आम्दानी गर्न सके सञ्चालक समितिले पनि खान मिल्छ र शेयरधनीलाई वितरण गर्न सकिन्छ भन्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्नु भयो ।

## १३) सभामा पेश भएका सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरण :

छलफलमा सहभागी शेयरधनी महानुभावहरुले पेश गर्नु भएका आ–आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव तथा प्रतिक्रियाहरुलाई अध्यक्षज्यूले संक्षिप्त जवाफ दिनु भयो । सो जवाफ तथा प्रष्टिकरणलाई एकिकृत तथा सारांशको रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छ :–

**<u>अध्यक्षज्यूको जवाफः</u>**

वक्ता शेयरधनी साथीहरुले मन्तव्य दिने क्रममा उठाउनु भएको जिज्ञासा, सल्लाह, सुझाव र शुभकामनाहरुको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै उहाँहरुद्वारा व्यक्त जिज्ञासाका सम्वन्धमा संक्षेपमा देहाय बमोजिम बुँदागत जानकारी गराउनु भयो ।

१) वक्ता शेयरधनी साथिहरुले दिनु भएका महत्वपूर्ण र सान्दर्भिक सुझावहरुलाई आवश्यकता अनुसार नीति तथा कार्यक्रम बनाई क्रमशः लागु गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

२) मर्जरका सम्वन्धमा उठेको प्रश्नको जवाफ दिँदै बैंकले यस अघि देखि नै मर्जर समिति बनाई कार्य गर्दै आई राखेको र विभिन्न बैंक, वित्तीय संस्थाहरुसँग पटक पटक कुराहरु गर्दै आई राखेको व्यहोरा

अनुरोध गर्दै त्यसको निचोढ आई नसकेको र अव उप्रान्त पनि उपयुक्त बैंक, वित्तीय संस्थाहरुसँग मर्ज गर्न तथा प्राप्ति गर्न सम्वन्धमा छलफल गरी अगाडी बढ्ने व्यहोरा जानकारी गराउनु भयो ।

३) बैंकको जग्गाको सम्वन्धमा उठेको प्रश्नको उत्तर दिंदै बैंकले झण्डै ७ वर्ष अघाडी नक्शाल प्रहरि पेट्रोल पम्प अगाडी रहेको जग्गा खरिद गरेको र उक्त जग्गामा यसै वर्ष देखि कर्पोरेट भवन निर्माण कार्य थालनी गरिने व्यहोरा जानकारी गराउनु भयो ।

४) ऋणी आयुसा डेभलोपर्स प्रा.लि. र कोहीनूर हिल प्रा.लि.लाई दिएको घरजग्गा यस बैंकको नाममा धितोबन्धक पारित भई रोक्का भई राखेको र उक्त घरजग्गा कुनै व्यक्ति विशेषको नाममा नामसारी नभएको व्यहोरा अनुरोध गर्नु भयो । यद्यपि त्यस्तो व्यहोरा केही भए सम्वन्धित मालपोत कार्यालयबाट जानकारी लिईने बिश्वास दिलाउनु भयो ।

५) लगानी बढाउनु पर्ने भनि आएको सुझावको उत्तर दिंदै हाल लगानी बढाउँदा प्रतिफल राम्रो नभएकोले लगानी कम गर्नु परेको साथै २०७१ आषाढमा मात्र ट्रेजरी बिल्स परिपक्वभइ लगानी कम देखिएको हो र हाल बैंकको लगानी करिव ५.५ अर्व रहेको व्यहोरा जानकारी गराउनु भयो ।

६) शेयरधनीका छोरा, छोरी र नातागोतालाई रोजगारी दिन आएको प्रस्तावका सम्वन्धमा कुमारी बैंकले रोजगारीमा सवैलाई समान अवसर दिंदै आईरहेको हुँदा शेयरधनीका छोरा छोरी एवं नातागोताले पनि प्रतिस्पर्धाको आधारमा रोजगारी प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराउनु भयो । साथै यस बैंकको कर्मचारी विनियमावली नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई लागु भएकोले उक्त विनियमावली अन्तर्गत रही कार्य गर्नु पर्ने भएकोले सोही बमोजिम कर्मचारी भर्ना गरिने व्यहोरा जानकारी गराउनु भयो ।

७) हाईड्रो ईलेक्ट्रिसिटी क्षेत्रमा लगानी गर्दा बैंकले असल ग्राहक पहिचान गरी नेपाल राष्ट्र बैंकले दिएको नीति निर्देशन अन्तर्गत रही लगानी गर्दै आईरहेको व्यहोरा जानकारी गराउनु भयो ।

अन्तमा अध्यक्षज्यूले यस सभामा शेयरधनी साथीहरुबाट थुप्रै बहुमूल्य सुझावहरु दिनु भएकोले ति सुझावहरुलाई फेरी पनि सञ्चालक समिति तथा व्यवस्थापन समूह विच छलफल गरी उपयुक्त देखिएका र सम्भव भए सम्मका सुझावहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरीने विश्वास दिलाउनु भयो । सम्पूर्ण शेयरधनी साथीहरुबाट प्राप्त सल्लाह, सुझाव, भावना आदिको उच्च सम्मान गर्दै आगामी दिनहरुमा समेत निरन्तर सहयोग, सल्लाह र सुझावको अपेक्षाका साथ सभामा प्रस्ताव गरिएका विषयहरुलाई पारित गरीदिनको लागि अनुरोध गर्नु भयो । साथै निर्धारित कार्यक्रम अगाडि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो ।

कम्पनी सचिवले अध्यक्षज्यूको निर्देशनानुसार सभाको निर्धारित विषयसूची बमोजिम सभामा प्रस्तावित विषयहरु निर्णयार्थ पेश गर्ने अनुमति चाहान्छु भन्दै छलफलका विषयहरुलाई दुई चरणमा विभाजन गरिएको जसअनुसार सामान्य प्रस्ताव र विशेष प्रस्ताव रहेकोले सर्व प्रथम सामान्य प्रस्ताव निर्णयार्थ पेश गरि त्यसपछि क्रमैसँग विशेष प्रस्ताव पारित गरीदिनको लागि आ–आफ्नो स्थानवाट तालि बजाई क्रमैसंग पारित गरिदिन अनुरोध गर्नुभयो ।

**१४) सभाको प्रस्ताव तथा निर्णयहरुः–**

**क. सामान्य प्रस्ताव**

**१. चौधौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्नेः–**

सभाको निर्धारित विषयसूचीको नम्वर १ मा रहेको सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरीयोस भनी राखेको प्रस्ताव सभाबाट ताली बजाई सर्वसम्मतिले पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७०/७१ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७१ को वासलात, आ.व. २०७०/७१ को नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह**

**विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने :–**
प्रस्ताव नंवर २ अन्तर्गत रहेको लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७०/७१ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७१ को वासलात, आ.व. २०७०/७१ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु समेत) उपर छलफल गरी पारित गरि दिन गरिएको प्रस्तावलाई सभावाट ताली बजाई सर्वसम्मतिले पारित गरियो ।

३. **आ.व.२०७१/७२ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने :–**
विषयसूची नं.३ अन्तर्गत रहेको आर्थिक वर्ष २०७१/७२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमीक तोक्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा सभाले लेखापरीक्षण समितिद्वारा सिफारिस गरीएको Baker Tilly Dev Associates (बकर टिल्ली देव एशोसियट्स) लाई नियुक्त गर्ने र पारिश्रमिक समेत लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम मूल्य अभिबृद्धि कर वाहेक जम्मा रु.३,७४,८५०/– (जसमा स्टाच्युटरी अडिट फि रु.१,४३,३२५/–, ट्याक्स अडिट फि रु.१,४३,३२५/–, लङ्गफर्म अडिट रिपोर्ट फि रु.६६,१५०/– र कम्पनी ऐनको दफा ७८ प्रमाणित फि रु.२२,०५०/– हुनेगरी) (अक्षरुपी तिन लाख चौहत्तर हजार आठ सय पचास मात्र) भुक्तानी गर्ने निर्णय गरीयो । साथै शाखाहरुको भ्रमण गर्दा लाग्ने यातायात, स्टेशनरी तथा अन्य खर्चहरुको सम्वन्धमा समेत मूल्य अभिबृद्धि कर वाहेक एकमुष्ट रु.३,९२,७००/– (अक्षरुपी तिन लाख बयानब्बे हजार सात सय मात्र) दिने निर्णय सहित कुल भुक्तानी कर वाहेक रु.७,६७,५५०/– र मूल्य अभिबृद्धि कर रु.९९,७८१/५०– समेत गरी कुल रु.८,६७,३३१/५० मा ननाघ्ने गरी भुक्तानी दिन भएको प्रस्तावलाई सभाबाट सर्वसम्मतिले तालि बजाई पारित गरियो ।

४. **सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम रु.३,१७,५५,२४०/– (चुक्ता पुँजीको १.७४ प्रतिशत) नगद लाभाँश स्वीकृत गर्ने :–**
प्रस्ताव नं.४ मा रहेको चुक्ता पुँजीको १.७४ (शुन्य दशमलव सात चार) प्रतिशत नगद लाभांश स्वीकृत गर्ने प्रस्तावलाई सभाले कर्तलध्वनीका साथ तालि बजाई सर्वसम्मतिले पारित गरीयो ।

**ख. विशेष प्रस्ताव**

१. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको ३३ (तेत्तिस) प्रतिशत बोनश शेयर स्वीकृत गर्ने तथा सोको लागि प्रबन्धपत्रको दफा ५ (क), (ख) र (ग) शंसोधन गरी बैंकको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी बृद्धि गर्ने :–**
प्रस्तावित विषय सूचिको (ख) मा रहेको विशेष प्रस्ताव अन्तर्गत सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम खुद तेत्तिस (३३) प्रतिशत बोनश शेयर स्वीकृत गर्ने सम्वन्धी प्रस्तावलाई सभाले कर्तलध्वनीका साथ ताली बजाई सर्वसम्मतीले पारित गरीयो । साथै सोको लागि बैंकको प्रबन्ध पत्रको दफा ५ (क), (ख) र (ग) संशोधन गरी जारी तथा चुक्ता पुँजी बृद्धि गर्ने सम्वन्धी सम्लग्न प्रस्तावलाई समेत देहाय बमोजिम हुने गरी सभाले कर्तलध्वनीका साथ तालि बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो :–

**प्रबन्धपत्रको दफा ५ (क) को व्यवस्था :**
“बैंकको अधिकृत पुँजी रु.५,००,००,००,०००/– (अक्षरुपी पाँच अर्ब मात्र) हुनेछ । उक्त पुँजीलाई रु.१००/- का दरले ५,००,००,००० (पाँच करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।”

**प्रबन्धपत्रको दफा ५ (ख)** “बैंकको तत्काल जारी गर्ने शेयर पुँजी रु.२,४३,१६,८१,५६०/– (अक्षरुपी दुई अर्ब त्रिचालिस करोड सोह्र लाख एकासि हजार पाँच सय साठी मात्र) हुनेछ ।”

**प्रबन्धपत्रको दफा ५ (ग)** "बैंकको तत्काल जारी गर्ने शेयर पुँजी रु.२,४३,१६,८१,५६०/– (अक्षरुपी दुई अर्ब त्रिचालिस करोड सोह्र लाख एकासि हजार पाँच सय साठी मात्र) हुनेछ ।"

२. **बैंकको नियमावलीको नियम २९ (ख) र (ग) मा रहेको सञ्चालकहरुको सुविधा वृद्धि गर्ने :–**
नियमावलीको नियम २९ (ख) र (ग) मा रहेको सञ्चालकहरुको सुविधा बृद्धि गर्ने सम्वन्धी प्रस्तावमा समेत सभाले तालि बजाई सर्वसम्मतिबाट देहाय बमोजिम हुने गरि पारित गर्ने निर्णय गरियो :–

**नियम २९(ख) "**सञ्चालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत अध्यक्षलाई रु.१०,०००/– र सञ्चालकहरुलाई रु.८,०००/– बैठक भत्ता तथा टेलिफोन, मोबाईल, पत्रपत्रिका जस्ता संचार खर्च वापत अध्यक्ष/सञ्चालकहरुलाई मासिक रुपमा रु.१५,०००/– एकमुष्ठ भुक्तानी गरीनेछ ।"
**नियम २९(ग) "**बैंकको कामको सिलसिलामा हुने व्यावसायिक भ्रमण खर्चलाई देहाय बमोजिम ५ (पांच) क्षेत्रमा वर्गीकरण गरी तोकिएको छ :–
१) संयुक्तराज्य अमेरिका, यूरोप, जापान, अष्ट्रेलिया न्युजिल्याण्ड, सिंगापुर तथा दक्षिण कोरिया ।
**होटल सुविधाः** अध्यक्षः ४६० अमेरिकी डलर र सञ्चालक : ४५० अमेरिकी डलर ।
**दैनिक खानाः** अध्यक्षः १६० अमेरिकी डलर र सञ्चालकः १५० अमेरिकी डलर ।
**पकेट खर्च :** अध्यक्षः ११० अमेरिकी डलर र सञ्चालकः १०० अमेरिकी डलर ।
२) सार्क राष्ट्रका मुलुक र प्रकरण (१) मा उल्लेखित मुलुकहरु बाहेकका अन्य राष्ट्रहरु ।
**होटल सुविधाः** अध्यक्षः ४१० अमेरिकी डलर र सञ्चालकः ४०० अमेरिकी डलर ।
**दैनिक खानाः** अध्यक्षः १२० अमेरिकी डलर र सञ्चालकः ११० अमेरिकी डलर ।
**पकेट खर्चः** अध्यक्षः १०० अमेरिकी डलर र सञ्चालकः ९० अमेरिकी डलर ।
३) नेपाल र भारत बाहेकका अन्य सार्क राष्ट्रहरु ।
**होटल सुविधाः**
अध्यक्षः २६० अमेरिकी डलर र सञ्चालकः २५० अमेरिकी डलर ।
**दैनिक खानाः** अध्यक्षः १२० अमेरिकी डलर र सञ्चालकः ११० अमेरिकी डलर ।
**पकेट खर्चः** अध्यक्षः १०० अमेरिकी डलर र सञ्चालकः ९० अमेरिकी डलर ।
४) भारत ।
**होटल सुविधाः** अध्यक्षः २६० अमेरिकी डलर बराबरको भारतिय रुपैयाँ र सञ्चालकः २५० अमेरिकी डलर बराबरको भारतिय रुपैयाँ ।
**दैनिक खानाः** अध्यक्षः ६० अमेरिकी डलर बराबरको भारतिय रुपैयाँ र सञ्चालकः ५० अमेरिकी डलर बराबरको भारतिय रुपैयाँ
**पकेट खर्चः** अध्यक्षः ६० अमेरिकी डलर बराबरको भारतिय रुपैयाँ र सञ्चालक ५० अमेरिकी डलर बराबरको भारतिय रुपैयाँ ।
५) नेपाल ।
**होटल सुविधाः** अध्यक्षः ने.रु.७,०००/– र सञ्चालकः ने.रु.६,०००/– ।
**दैनिक खानाः** अध्यक्षः ने.रु.३,०००/– र सञ्चालकः ने.रु.२,८००/– ।
**पकेट खर्चः** अध्यक्षः ने.रु. २,२००/– र सञ्चालकः ने.रु.२,०००/– ।
**नोटः यातायात खर्च वास्तविक बिल बमोजिम हुने ।**"

३. **कुमारी बैंक लि. र अन्य कुनै उपयुक्त बैंक, वित्तीय संस्थाको खोजि गरी एक आपसमा गाभ्न, गाभिन (मर्ज गर्न), प्राप्ति गर्ने वा लक्षित संस्थालाई समाहित गर्न सञ्चालक समिति वा सो समिति अन्तर्गत मर्जर समिति गठन गरी सम्पूर्ण प्रकृया अवलम्वन गरी कार्य अगाडी बढाउन साधारण सभावाट सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने :–**

प्रस्ताव नं.३ मा रहेको कुमारी बैंक लि.र अन्य कुनै उपयुक्त बैंक, वित्तीय संस्थाको खोजि गरी एक आपसमा गाभ्न, गाभिन (मर्ज गर्न), प्राप्ति गर्ने वा लक्षित संस्थालाई समाहित गर्न सञ्चालक समिति वा सो समिति अन्तर्गत मर्जर समिति गठन गरी सम्पूर्ण प्रकृया अवलम्वन गरी कार्य अगाडी बढाउन साधारण सभावाट सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्न गरिएको प्रस्तावलाई सभाले कर्तलध्वनीका साथ ताली बजाई सर्व सम्मतिले पारित गरियो ।

**४. प्रस्ताव नं.३ मा उल्लिखित प्रयोजनको लागि कुमारी बैंक लि. र आवश्यकतानुसार लक्षित संस्थाको चल–अचल सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन (Due Diligence Audit, DDA) गर्न मान्यता प्राप्त (स्वदेशी वा विदेशी) मूल्याङ्कनकर्ता नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने :–**

प्रस्ताव नं.३ मा उल्लिखित प्रयोजनको लागि कुमारी बैंक लि. र आवश्यकतानुसार लक्षित संस्थाको चल–अचल सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन (Due Diligence Audit, DDA) गर्न मान्यता प्राप्त (स्वदेशी वा विदेशी) मूल्याङ्कनकर्ता नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धी प्रस्तावमा सभाले कर्तलध्वनीका साथ तालि बजाई सर्वसम्मतिले पारित गरियो ।

**५. प्रस्तावित प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नियमनकारी निकाय (ने.रा.बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय आदि) बाट फेरबदल गर्न सुझाव भएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने :–**

प्रस्ताव नं.५ मा रहेको प्रस्तुत प्रबन्ध पत्र तथा नियमावलीमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव भएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्न गरेको प्रस्तावलाई समेत सभाले तालि बजाई सर्व सम्मतिले पारित गरियो ।

**ग) विविधः** अन्तमा रहेको विविध प्रस्ताव केही नभएकोले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरुलाई सर्वसम्मतिले पारित गरी दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । साथै सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., लेखापरीक्षक, कानूनी सल्लाहकार, सञ्चालक साथीहरु, बैंकका कर्मचारीहरु लगायत सम्वद्ध सवैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले अपरान्ह २:०० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| o/s | o/s |
| ……………………… | ……………………… |
| नरेन्द्र प्रसाद छत्कुली | नूर प्रताप ज.ब.राणा |
| कम्पनी सचिव | अध्यक्ष-सञ्चालक समिति |